नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)**
सानोठिमी भक्तपुर

पत्र संख्या : ०७८/०७९
च.नं.

फोन नं. :
फ्याक्स नं. : ६६-३१९७२

मिति: २०७९ / ०३ / ०८

विषय: आवश्यक सहयोग र समन्वय सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई
सबै ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा, परिवार कल्याण महाशाखाको च.नं. १६१५ मिति २०७९/०३/०७ को पत्रानुसार नेपाल सरकारको नीति अनुसार ५ वर्ष देखि १२ वर्ष मुनिका बालबालिकाहरुलाई असार ९ गतेदेखि १५ गतेसम्म **२७ जिल्लाहरुमा** र भाद्र ५ गतेदेखि ११ गतेसम्म **बाँकी ५० जिल्लाहरुमा** कोभिड- १९ विरुद्ध पहिलो चरणको खोप दिने कार्यक्रम भएकाले सरोकारवालाहरुलाई जानकारी गराइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

**२७ जिल्लाहरु:**
**झापा, इलाम, सुनसरी, मोरङ, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, पर्सा, मकवानपुर, सिन्धुली, चितवन, काभ्रे, काठमाण्डौं, भक्तपुर, ललितपुर, कास्की, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, रुपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपु र डडेल्धुरा ।**

तपसिलको सहयोग र सहजिकरणका लागि पत्राचार एवं समन्वय गरिदिनुहुन अनुरोध ।

**तपसिल:**

१. निजी तथा सामुदायिक विद्यालयमा रहेका ५ देखि १२ वर्ष मुनिका वास्तविक विद्यार्थी संख्या यथासक्य चाँडै नजिकको स्वास्थ्य संस्था वा वडामा उपलब्ध गराउन ।

२. उक्त उमेर समूहका बालबालिकालाई दिइने कोभिड-१९ विरुद्धको खोप अन्य खोप भन्दा फरक बनावट र मात्राको रहेको र एक पटक मात्र उपलब्ध हुन सक्ने भएकोले बालबालिकाहरुलाई नछुटाई खोप लगाउन ।

३. उक्त खोप अभियानको खोप केन्द्र संचालन, व्यवस्थापनमा विद्यालयवाट सहयोग गर्न ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## (विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)

सानोठिमी, भक्तपुर

पत्र संख्या : ०७८/०७९ फोन नं. :
च.नं. फ्याक्स नं. : ६६-३१९७२

४. विद्यालयमा सञ्चालन हुने खोप केन्द्रबाट अन्य जुनसुकै विद्यालय, समुदायमा रहेका बालबालिकाहरुलाई समेत खोप उपलब्ध गराउने व्यवस्था गर्ने ।

५. विद्यालय बन्द/बिदा भएको भए केन्द्र सञ्चालनको दिन विद्यालय खुला गरी आवश्यक सहयोग गर्ने ।

६. खोप अभियानको बारेमा शिक्षक, विद्यार्थी मार्फत लक्षित समुह, मिति र स्थानको बारेमा व्यापक प्रचार प्रसार गरिदिने ।

७. यो खोप ५ देखि १२ वर्ष मुनिका बालबालिकालाई मात्र दिन मिल्ने र १२ वर्ष वा सो भन्दा माथिका उमेर समुह (१२ देखि १७ वर्ष) का छुट बालबालिकाहरुलाई विगतमा प्रयोग भएका Moderna र Pfizer खोप लिन तथा उक्त खोपहरु नजिकको स्वास्थ्य संस्था, स्थानीय तह वा स्वास्थ्य कार्यालयहरुमा सम्पर्क गरी जानकारी गराउने ।

(विष्णुप्रसाद पौडेल)
शाखा अधिकृत

बोधार्थ:

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य विभाग,
परिवार कल्याण महाशाखा, टेकु, काठमाण्डौं ।